# रामेछाप नगरपालिकाको आगामी आ. व. २०७६/७७ को पाचौं नगर सभामा रामेछाप नगरपालिकाका उप प्रमुख श्री सृजना खड्काज्यू, ले पेश गर्नु भएको

## वार्षिक नीति, कार्यक्रम तथा बजेट

**रामेछाप नगरपालिका प्रमुख एवं यस सभाका सभाध्यक्ष महोदय,**
**नगर सभाका सदस्य ज्यूहरु,**
**उपस्थित कर्मचारी मित्रहरु,**

सर्वप्रथम म विभिन्न कालखण्डमा राजनैतिक तथा सामाजिक परिर्वतनका साथै लोकतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । शहिदहरुको सपना र मार्गदर्शन अनुरुपको नयाँ नेपाल निर्माणलाई सार्थक तुल्याउने यात्रामा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा गर्दछु ।

प्राकृतिक रुपमा सुन्दर नगरपालिकाको आर्थिक, समाजिक, धार्मिक, साँस्कृतिक र पर्यटकीय दृष्ट्रिले महत्वपुर्ण केन्द्र तथा साविक रामेछाप जिल्लाको पुरानो सदरमुकाम अवस्थीत यस रामेछाप नगरपालिकाको स्थानिय तह निर्वाचन पश्चात् हुन गई रहेको पाचौं नगर सभा मार्फत आर्थिक वर्ष २०७६/७७ को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा म अत्यन्तै हर्ष विभोर भएको छु ।

यस नगरको प्रथम नगर सभाले लिएको लक्ष्य **“कृषि, पर्यटन, सडक, खानेपानी हाम्रो पुर्वाधार, रामेछाप नगर विकासको दिगो आधार”** लाई आत्मसात गर्दै आर्थिक वर्ष २०७५/७६ को संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालु आ. व. लाई प्राप्त वित्तिय समानिकरण अनुदान, सशर्त अनुदान, राजस्व बाडफाड तथा आन्तरीक आय समेत एकमुष्ठ कुल संशोधित अनुमानित बजेट रु.६०,३६,४८,०८१।- बाट विभिन्न नगर तथा वडा स्तरीय विकास योजनाहरुमा रकम विनियोजन गरिएकोमा जेष्ठ मसान्त सम्ममा २६ वटा नगर स्तरीय र १०३ वटा वडा स्तरीय भौतिक पुर्वाधार लगायत लक्षित कार्यक्रम, प्रवर्धानात्मक कार्यक्रम, पर्यटन प्रवर्धन लगायतका कार्यक्रम सम्पन्न भई रु.३२,२७,२०,८९८।– र सामाजिक सुरक्षा भत्ता रु. ५,३४,१८,६००।– गरि कुल खर्च रकम रु. रु.३७,६१,३९,३९८।–आर्थिक प्रगतिको अवस्था रहेको यस सभा समक्ष अवगत गराउदछु । लक्षित बर्गकालागि विनियोजन गरिएको रकम रु. १,३०,००,०००।- बाट हाल सम्म रु. ३९,५८,३५७।- मात्र खर्च भएको अवस्था रहेको छ । मुख्यत: १४ कि. मि. सडक नया ट्र्याक ओपन र २० कि.मि. सडक स्तरोन्नती भएको छन भने ४ वटा खानेपानी योजना संचालन भई करिब ११९५ घर घुरी लाभान्वीत भएको छ । नगरपालिकाको आन्तरीक आम्दानी रु. ३० लाख अनुमान गरिएकोमा रु.४२,१८,५१०।– आम्दानी गर्न सफल भएको छ, उक्त अनुमान भन्दा धेरै आम्दानी हुनुको मुख्य कारण पुन: निर्माणको क्रममा बनेका घरहरुको नक्सा पास र नगरपालिकाबाट संचालन भएको उपकरणहरु (एस्काभेटर, व्याक हो लोडर, ट्रिफर बाट मुख्य स्रोत रहेको छ ।

नगरको गौरवको योजना रहेको वडा नं.५, ६, ७ र ८ स्थीत पुष्पलाल पार्क, रामेछाप, कालिकुवा चाम्बोट च्यास्कु रामपुर कोलोञ्जोरघाट सडक स्तरोन्नतीको कार्य रामेछाप बजारमा सडक पर्खाल निर्माण तथा ओखेनीमा सडक स्तरोन्नतीको कार्य तिब्रगतिमा संचालन भई रहेको र गत वर्षको भालुखोप डाडामा प्रस्तावित

भ्यू टावर जग्गा जमिनको यकिन को लागि पहल भई रहेको व्यहोर सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु । सामाजिक सुरक्षा भत्ता दुई चौमासिकको वितरण भई तेश्रो चौमासिकसको वितरण तयारीमा रहेकोछ, साथै नगर कार्यपालिकाको बैठकका सम्पूर्ण निर्णयहरु सर्वसहमतिको आधारमा गरिएकोछ ।

**आदरणीय महानुभावहरु,**

रामेछाप जिल्लाका तिन लाल मध्ये गंगालाल र पुष्पलालको जन्मभूमि यसै नगरपालिका भित्र रहेको छ । ऐतिहासिक तिल्केस्थान गढी, केवलेश्वर महादेव स्थान, भालुखोप भ्यूटावर, गणेशटार मन्दिर, भिमसेन थान मन्दिर, तामाङ्ग समुदायको आस्थाको केन्द्र भालुखोपमा रहेको वौद्ध गुम्वा, सुकाजोरमा रहेको ताराखसे पोखरी र मन्दिर, डुकुरसिंह डाँडाँ, निशान भगवती मन्दिर, हायू जातिको प्रसिद्ध महाकाली मन्दिर लगायत अन्य थुप्रै ऐतिहासिक महत्व बोकेको रामेछाप वजार, च्याँस्कु वजार, साँघुटार वजार, रामपुर भञ्जयाँङ्गले गर्दा यस नगरपालिकामा पर्यटन उद्योगको प्रवल संभावना रहेको छ ।

स्थानीय तह संचालन ऐन, २०७४ को मर्म अनुरुप विकेन्द्रीकरणको अवधारणा अनुसार स्थानीयस्तरमा स्थानीय आवश्यकताहरुको पहिचान गरि स्थानीय स्रोत साधनको अधिकतम सदुपयोगका साथ स्थानीय नगरवासिहरुको आवश्यकता पूर्ति गर्ने अहम् जिम्मेवारी स्थानीय तहले निर्वाह गर्दै आएका छन् । योजना तथा कार्यक्रम छनोट एवं परिचालन गर्दा समावेशी रुपमा सहभागितात्मक पद्धती अवलम्वन गरि मूलतः महिला, बालबालिका, आदिवासी जनजाति, दलित, फरक क्षमता भएका, जेष्ठ नागरीकका साथै अन्य वर्ग तथा समुदाय लगायत विकासको मूलधारमा टाढा रहेका समुदायलाई प्राथमिकता दिई विकासमा सहभागि हुन समेत थप जोड दिएको छ । प्रस्तुत वार्षिक नीति, कार्यक्रम तथा वजेट स्थानीय तह संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेका प्रावधानहरु, मन्त्रालयवाट प्राप्त मार्गदर्शनहरु र वजेट सिमा, बजेट तर्जुमा दिग्दर्शन परिमार्जन, निर्देशिका तथा ५ बर्षे आवधिक रणनीतिक योजना तर्जुमाले दिएका सुझावलाई दृष्टिगत गर्दै नगरको आन्तरीक श्रोतको बृद्धि हुने र भूगोल, जनसंख्या तथा आवश्यकता समेतलाई आधार मानी विभिन्न तहवाट प्राप्त हुन आएका सुझावहरु लिई वजेट विनियोजन गरेको छु ।

नगरपालिकाको नगरसभावाट नीति तथा कार्यक्रम र बजेट पारित गर्ने क्रममा यहाँहरु सामु म आ.व. २०७६।०७७ को बजेट, नीति तथा कार्यक्रम योजना तर्जुमाको लागि बजेट तयारी गर्न अवलम्वन गर्ने तथा गराउने गरि मुख्य आधारहरुलाई उल्लेख गर्न चाहन्छु ।

- ✓ स्थानीय तह संचालन ऐन, २०७४ मा भएको कानूनी व्यवस्थाहरु
- ✓ स्थानिय बजेट तर्जुमा दिग्दर्शन, २०७४ संशोधन सहित
- ✓ संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको दिग्दर्शन, परिपत्र तथा नीति निर्देशनहरु ।
- ✓ आवधिक योजनाले प्राथमिकता गरि आएका योजनाहरु

रामेछाप नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को विषयगत नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**आर्थिक विकास नीतिः**

- प्रत्येक वडामा कम्तिमा १ रोपनी वरावरको क्षेत्रफलमा २० नमुना फलफुल वगैचा निर्माण गर्न प्रोत्साहन गरिनेछ ।
- मुहान श्रोत भएका स्थानमा सतहि सिंचाईको व्यवस्था गर्न प्रोत्साहित गरिनेछ र सुनकोशी र लिखु नदी किनारका सिंचाई योग्य भुभागहरुमा लिफ्ट सिंचाईको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- खुर्पाने क्षेत्र विकासका लागि सुकाजोर र ओखेनीलाई उत्पादन क्षेत्र विस्तार गरि उद्योग स्थापना गरिनेछ ।
- अमिलो जातका फलफुल (कागती, निवुवा, जुनार, सुन्तला) रोपणका लागि नर्सरी व्यवस्थापन गरिनेछ ।
- वर्षे फलफुल विकासका लागि वेशी क्षेत्रका लागि आँप, लिचि, अनार, केरा, कफीका जातहरुलाई प्रोत्साहन गर्नका साथै निःशुल्क विरुवा उपलब्ध गराउने प्रबन्ध मिलाइनेछ ।
- आरु, नासपाती, हलुवावेद, दन्ते ओखरका लागि उत्पादन प्रबर्दनमा आबश्यक प्रबन्ध मिलाइनेछ ।
- फलफुल नर्सरी उत्पादनका लागि स्क्रिन हाउसको व्यवस्था मिलाईनेछ ।
- मकै, धान, गहु, निरन्तर दैनिक उपभोग्य अन्नवालीका लागि चाहिने रसायनिक मल तथा विउको ढुवानीमा अनुदानको व्यवस्था मिलाइनेछ ।
- अगुवा कृषकहरुको लागि कृषि औजारमा ६० प्रतिशत अनुदानको व्यवस्था मिलाईनेछ ।
- मौरी तथा च्याउ उत्पादनलाई ब्यवसायिक वनाउन सुकाजोर, ओखेनी, देउराली, साँघुटारलाई प्राथमिकतामा राखिनेछ ।
- अदुवा, लसुन, वेसार, अलैची, अकवरे खुर्सानी र कागती उत्पादन क्षेत्र विस्तारको लागि विशेष प्राथमिकतामा राखि कार्यक्रम वनाइनेछ ।
- माटो परिक्षण गरि वाली शिफारिस गर्न मोवाइल माटो परिक्षण प्रयोगशालाको व्यवस्था प्रत्येक वडामा गरिनेछ ।
- मौसमी तथा वेमौसमी दुवै प्रकृतिका तरकारी वाली उत्पादनमा किटनाशक औषधीमा ५० प्रतिशत अनुदानको व्यवस्था मिलाइनेछ ।
- तोरी, बदाम जस्ता तेलहन वालीहरुलाई प्रोत्साहन गरि वजार समन्वयमा मद्धत गरिनेछ ।
- दलहन वाली विउ उत्पादनका लागि चारघरे रामपुरमा पकेट क्षेत्र घोषणाको लागि प्रस्ताव गरिएकोछ ।
- १ घर १ प्लाष्टिक पोखरी विस्तार गर्न निर्देशिका वनाई निःशुल्क प्लाष्टिक र ढुवानी अनुदानको व्यवस्था मिलाईनेछ । आकाशे पानी संकलन गरी पुनः प्रयोग सम्बन्धमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- कृषि सर्भेक्षण गरि आधुनिक कृषि प्रणालीमा प्रोत्साहन गरिनेछ ।
- पशुपंक्षीको उपचारको लागि आवश्यक पर्ने औषधि खरिद गरि निःशुल्क बितरण गरिनेछ ।
- पशुपंछिको उपचार तथा रोग पहिचानको लागि आवश्यक प्रविधि विकास गरिनेछ ।
- संक्रमित रोग बिरुद्ध खोप कार्यक्रम शिविरको व्यवस्था गरिनेछ ।
- बांझोपन निबारणका लागि भिटामिन तथा मिनिरल बितरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- आन्तरिक तथा बाह्य परजिबि नियन्त्रण शिबिर सञ्चालन गरिनेछ ।
- १ घर १ पशु बिमा कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- उत्कृष्ट ब्यबसायीक पशुपन्छि फर्म प्रोत्साहन/ प्रबर्दन कार्यक्रम (गाई, भैसि, बाखा, बंगुर, कुखुरा)हरु संचालन गरिनेछ ।
- घांसे बालिमा आधारित पशुपालन तालिमको व्यवस्था मिलाइनेछ ।
- जुनोटिक रोग (पशुबाट मानिस र मानिसबाट पशुमा सर्ने खालका रोगहरु) सम्बन्धि माध्यामिक विद्यालय शिक्षा कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- स्थानिय उद्योग धन्दा र परम्परागत ब्यावसायको प्रतिस्पर्धात्मक क्षमताको विस्तार तथा वजारीकरण गरिनेछ ।
- वैदेशिक रोजगारीबाट आर्जन भएको रकमलाई उत्पादनमुलक कार्यमा प्रयोग गर्ने गराईनेछ ।

- मेहनत, इमान्दारिता, सहकारीता, आत्मसम्मानलाई रामेछापवासीको पहिचान बनाउनका साथै हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने कार्य गरिनेछ ।
- आत्मनिर्भर अर्थतन्त्रलाई आत्मनिर्भरता तर्फ डोऱ्याउने प्रयास गरिनेछ ।
- राजस्व संकलन गरिने विषयमा नगर उद्योग वाणिज्य संघ, सरोकारवाला, साझेदारहरु सँगको सहकार्य र समन्वयमा कार्य अगाडि बढाउनेछ ।
- लक्षित बर्गका लागि तालिम तथा क्षमता विकास गरी स्वरोजगार सिर्जना गरिनेछ ।
- नगरपालिकाको सहकारी ऐन २०७५ अनुसार सहकारी नियमावली, कार्यविधिहरु तय गरि लागू गरिनेछ ।
- नगरपालिका भित्र विगतमा दर्ता भएका तर हाल निष्कृय रहेका सहकारी संस्थाहरुको अवस्था पत्ता लगाई एकिकरण वा विघठन गर्ने नीति लिईएको छ, साथै निष्कृय रहि नगरपालिकाको सम्पर्कमा नआई वा नियमित प्रतिवेदन नबुझाएमा सहकारी संस्थाका सञ्चालकलाई नियमानुसारको कारबाहीको प्रक्रिया अगाढि बढाईनेछ ।
- नगरपालिकाको सहकारी ऐन अनुसार नगर कार्य क्षेत्र हुने गरि स्थापना हुने प्रस्तावित सहकारी संस्थाहरुलाई पुर्व सहकारी शिक्षा तालिमको कार्यक्रम संचालन गरिनेछ ।
- सहकारी संस्थाहरुको विकास र प्रवर्धन गर्न सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुकालागि संघिय/प्रदेश सरकार सहकारी विभाग र संघीय सरकार राष्ट्रिय सहकारी प्रशिक्षण केन्द्र सँगको समन्वयमा सहकारी व्यवस्थापन र लेखा व्यवस्थापन तालिमहरु संचालन गरिनेछ ।
- सहकारीको क्षेत्रमा कार्य गरि उत्कृष्ट हुने सहकारी वा सहकारीकर्मीहरुलाई **"रामेछाप नगरपालिका वर्ष सहकारी पुरस्कार"** को व्यवस्था गरिनेछ ।
- सहकारीहरुलाई अनुदानको व्यवस्थाका सन्दर्भमा यस वर्ष आवश्यक गृहकार्य गरि आउदो वर्ष देखी लागू गर्न प्रस्ताव गरिएको छ ।
- ऐतिहासिक पुरातात्विक महत्वमा रहेको मन्दिर संरक्षण तथा पर्यटन प्रबर्धनका लागि पहल गरिनुका साथै जातजातीय संग्राहलय निर्माणको कार्य शुरुवात गरिनेछ ।
- नगर क्षेत्रमा उत्पादन हुने जडिबुटी, खनिज, काष्ठजन्य उत्पादनको अबैध निकासी रोकी आवश्यकता अनुसार नगर क्षेत्रमै प्रशोधन गरी बिक्री बितरण गरिने छ ।

**सामाजिक विकास नीतिः**

- शिक्षक र विद्यार्थीहरुका लागि आवश्यकतामा आधारित मनोसामाजिक परामर्श र सम्मानजनक शिक्षण सिकाई एवम सकरात्मक अनुशासन सम्बन्धी क्षमता विकासको अवसर प्रदान गरी शिक्षण सिकाई अनुकुल वातावरण तयार गरिनेछ ।
- विद्यालय समायोजन र शिक्षक दरवन्दी मिलान एवं विद्यालय समायोजन कार्यक्रमलाई प्राथमिकता दिई जहाँ विद्यार्थी तहाँ शिक्षकको मान्यता अनुरुप विद्यार्थी संख्याको आधार तथा सञ्चालित कक्षाका आधारमा शिक्षक दरवन्दी मिलान गरिनेछ ।
- विद्यार्थी नियमितता र उर्त्तीण दरमा अभिवृद्धि, कक्षा छाड्ने दर र दोहोऱ्याउने दरमा कमीको लागि अध्ययनरत वालवालिकाहरुकालागि शैक्षिक सुविधा प्रदान गरिनेछ ।
- सूचना तथा प्रविधि संग परिचित हुने अवसर सुनिश्चितताको लागि आधारभूत तह देखि नै माध्यमिक तह सम्म क्रमशः अध्ययन अध्यापनको आवश्यक वातावरण मिलाइनेछ । यसका लागि विद्यालयहरुमा इ सामग्री एवं इ-लर्निङ र इ-नेटवर्किङको क्रमशः सुनिश्चितता गरिनेछ ।
- स्थानीय ज्ञान, सीप र स्रोतको परिचालन गर्दे आवश्यकतामा आधारित रहि सीपमूलक जनशक्ति तयार गर्नका लागि माध्यमिक तह देखि नै प्राविधिक तथा व्यवसायिक शिक्षाको अध्ययन अध्यापनको अवसर प्रदान गरिनेछ ।
- विशेष आवश्यकता भएका समूहकालागि सधन सहयोग (दिवाखाजा, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति) कार्यक्रमका माध्यमवाट आधारभूत र माध्यमिक शिक्षाको अवसरलाई पहुच योग्य बनाइनेछ ।

- नतिजामुखि एवं प्रभावकारी कार्यक्रम कार्यान्वयन लागि नियमित अनुगमन तथा प्राविधिक सहायताको व्यवस्था मिलाइनेछ । दैनिक शैक्षणिक सेवा प्रवाहमा सहजता र प्रभावकारिताको लागि विद्युतीय सञ्चार माध्यमको उपयोग गर्दै सेवाग्रहीको लागि क्रमशः पहुंच योग्य बनाइनेछ ।
- सामुदायिक विद्यालयका प्र.अ. र शिक्षकहरु बीच शैक्षिक सत्रगत रुपमा कार्य सम्पादन करार सम्झौताको प्रावधान सहित लागू गरिनेछ । करार संझौता सम्बन्धित विद्यालयका प्र.अ. ले नगर शिक्षा प्रमुख संग र प्रत्येक शिक्षकले प्र.अ.संग गर्नु पर्नेछ । जसवाट पदीय जिम्मेवारी र उत्तरदायित्ववोध सहित गुणस्तरीय विद्यालय शिक्षाको पहुच योग्य अवसरका लागि अनुकुल वातावरण विकास हुनेछ ।
- नमूना बालविकास तथा माध्यामिक विद्यालय बनाउन आवश्यक पहल गरिनेछ । यसकालागि बालविकास सहयोगी कार्यकर्तालाई प्रोत्साहन भत्ता तथा माध्यामिक विद्यालयमा थप विषय शिक्षक (नगर शिक्षकको रुपमा) को व्यवस्था गरिनेछ ।
- सरोकारवाला सम्मान कार्यक्रम संचालन गरि नगर स्तरमा विद्यालय शिक्षाको विकास र सुधारमा उत्कृष्ट नतिजा र उल्लेखनीय योगदान पुऱ्याउनु हुने क्रमशः विद्यालय, प्र. अ., विषय शिक्षक, अभिभावक र संस्थागत पदाधिकारीहरुलाई सम्मान स्वरुप प्रंशसापत्र एवं कदर वा सम्मानपत्र सहित नगद पुरस्कार प्रदान गरिनेछ ।
- नगर क्षेत्र भित्रका द्वन्द पिडित बालबालिकाहरुकालागि शैक्षिक प्रोत्साहन प्रदान गरिनेछ ।
- नगर क्षेत्र भित्रका उत्कृष्ट कार्य गर्ने वडा कार्यालय, स्वास्थ्य चौकी, उपभोक्ता समिति, टोल सुधार समिति र कर्मचारीलाई पुरस्कृत गरिने नीति लिईएको छ ।
- नगर स्तरमा आधारभुत तह, कक्षा १० र माध्यामिक तहको वार्षिक परीक्षामा उत्कृष्ट प्राप्तांक एवं ग्रेड ल्याउन सफल एक-एक छात्रा/छात्रलाई प्रोत्साहान स्वरुप नगर मेडलबाट सम्मानीत गरिनेछ ।
- दरबन्दि अपुग भएका सामुदायिक विद्यालयहरुकालागि नगर शिक्षण सहायता कोषको स्थापनाको लागी प्रस्ताव गरिएकोछ ।
- अंग्रेजी माध्याम शिक्षण प्रोत्साहन कार्यकालागि आधारभूत तह देखी माध्यामिक तह सम्म पठन पाठनको अवसर प्रदान गर्ने विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।
- विद्यालय अनुगमन र सुपरिवेक्षणलाई प्रभावकारी र नतिजामुलक बनाउन संयुक्त एकीकृत अनुगमन संयन्त्र परिचालन गरिनेछ ।
- नगरस्तरीय कभर्ड हल निर्माण गर्ने र सबै वडाहरुमा एक वडा एक खेल मैदान निर्माण गरिनेछ ।
- रामेछाप नगरपालिका तथा छिमेकी नगरपालिका र गाउंपालिकाहरुको खेलाडीहरु समावेश गराई मेयर गोल्डकप खेलकूद प्रतियोगिता संचालन गराईने छ ।
- विद्यालय स्तरीय खेलकुद गतिविधि संचालनको लागि राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- प्रत्येक वडा कार्यालयमा एक पुस्तकालयको व्यवस्थाका साथै नगर स्तरीय पुस्तकालयको स्थापना गरिनेछ ।
- मातृशिशु स्वास्थ्य प्रवर्द्धनका लागि स्थापना भएका वर्थिङ्ग सेण्टरहरुमा आवश्यक सामाग्रीहरुको व्यवस्थापन गर्दै लगिनेछ ।
- बालबालिका लगायत सामाजिक बञ्चितीकरणमा परेका समूहलाई समेटने कार्यक्रमहरु संचालन गरिनेछ । लैङ्गिक हिंसा न्यूनीकरणका लागि कार्यक्रम संचालन गरिने छ ।
- नगर भित्रका सबै स्वास्थ्य संस्थाहरुमा विशेषज्ञ डाक्टर सहितको घुम्ती स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- हाल भइरहेका खानेपानीका मुहानको संरक्षण गर्दै खानेपानीको समस्या भएका बस्तीका लागि लिफ्ट खानेपानी आयोजना सञ्चालन गर्न प्राथमिकता दिइने छ ।
- लक्षित वर्गको सीप विकास, क्षमता विकास, सशक्तिकरण, आयआर्जनका लागि लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।
- सार्वजनिक स्थानमा धुम्रपान, मध्यपान, लागू औषध जस्ता कुलतलाई निरुत्साहित गरिदै लैजाने नीति अवलम्बन गरिने छ ।

- लोपोन्मुख हायु जाती लगायत सबै जातजातिको भाषा संरक्षण गर्दै कला संस्कृति संरक्षण र संग्राहलयको स्थापना गरिने छ ।
- लक्षित वर्गमा विनियोजित रकम सोही शिर्षकमा अनिवार्य खर्च गर्नु पर्ने नीति लिईएकोछ ।
- महिलाहरुको प्रजनन् स्वास्थ्यलाई मध्यनजर राख्दै आवश्यकता अनुसारका कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।
- अपांगहरुलाई आत्मनिर्भरता तर्फ प्रोत्साहन गर्न विउ पूँजीको व्यवस्था गरिनेछ ।

**पूर्वाधार विकास नीतिः**

- रामेछाप नगरपालिकाको वडा नं. ८ रामेछाप बजार हुदै भालुखोप, गणेशटार, वडा नं.२ देउराली शहिदगेट, वडा नं. १ गोगने रातोडाडा, चण्डेश्वरी बडा नं. ३ सुवेदीटोल, साँघुटार, वडा नं. ४ बसेरी लिखु करिडोर वडा नं. ५ कोलोञ्जोरघाट, मरिनघाट, ल्याङ्गल्याङ्ग, भिमसेनथान हुदै रामेछाप बजार सम्मको सडकलाई नगरस्तरीय चक्रपथ निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन तयारीको क्रममा रहेकोले सो प्रतिवेदन प्राप्त भए पश्चात् सडक निर्माणकालागि संघिय तथा प्रदेश सरकारसँग अनुरोध समेत गरी कार्यारम्भ गरिने छ ।
- पुष्पलाल पार्क देखि कोलोञ्जोरघाट सम्मको सडकलाई नगरको गौरबको योजनाको रुपमा संचालन भएकोमा सो कार्यको निरन्तरता दिईनेछ । विस्तृत परियोजना प्रतिवेदन प्राप्त भई सकेको सडक खण्डमा कालोपत्रे सडक निर्माणकालागि संघीय र प्रदेश सरकार समक्ष अनुरोध गरि कार्य अगाडि बढाईनेछ । अन्य सडकहरु नगरस्तरीय र वडास्तरमा संचालन हुनेछन ।
- नगरपालिका क्षेत्र भित्र भएका संघिय तथा प्रदेश कार्यालयहरु सँग समन्वय गरि साझेदारितामा पुर्वाधार विकासका कार्यहरु संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- पुर्वाधार विकासमा टोल सुधार समितिको ४० प्रतिशत नगद र ६० प्रतिशत नगरपालिकाको आर्थिक साझेदारीता हुने गरि निर्माण नीति अपनाईनेछ ।
- रामेछाप नगरपालिकाको निर्माणाधीन भवन सम्पन्न गर्न, कार्यालय भवन नभएका वडाहरुमा कार्यालय भवन निर्माण गर्न, निर्माण कार्य सम्पन्न हुन बाँकी वडा कार्यालयको निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- वडा स्तरीय योजना छनौट गर्दा न्यूनतम रु. ५ लाखको मात्र योजना छनौंट गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- यस नगरपालिकाको आन्तरिक आय तथा नगरपालिकाको पहिचान अभिबृद्धिकालागि कोसेली घर निर्माण गर्न लागि रामेछाप बजारमा आवश्यक व्यवस्था गरिने छ । नगरक्षेत्र भित्र लक्षित वर्गलाई सम्बोधन गर्न नगर स्तरीय सेफ हाउस बनाई व्यवस्थापन गरिने छ
- मुल सडकहरुमा बाह्रै महिना सहजता पूर्वक यातायात संचालनको व्यवस्था गरिनेछ ।
- सडक मापदण्डलाई र राष्ट्रिय भवन संहितालाई कडाईका साथ पालना गरिने छ ।
- आन्तरिक तथा बाह्रय पर्यटक प्रबर्द्धन गर्दै रोजगारी श्रृजना गर्न होमस्टे खोल्न प्रोत्साहन गरिने छ ।
- रामेछाप बजारमा व्यवस्थित हाट बजार र बसपार्कको निर्माण गर्दै अन्य वडाहरुमा पनि बसपार्क संभाव्यता अध्ययन गरी कार्यान्वयन गरिने छ ।
- रामेछाप नगरपालिकाको भालुखोपमा भ्यू टावर निर्माणलाई कार्यान्वयनमा लगिनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापन नीतिः**

- प्रदुषण रहित खोला नाला हराभरा बनजंगल र स्वच्छ बातावरण को विकास गर्दै लगिने छ ।
- सबै सामुदायिक बन उपभोक्ता समूहहरुमा नर्सरी स्थापना गरि बृक्षारोपण गर्न प्रोत्साहन अभियान संचालन गर्दै उचित स्थानहरुमा पोखरी निर्माण अभियान संचालन गरिनेछ ।
- खुल्ला स्थानहरुमा वृक्षारोपण गर्दै जाने र निर्माण सम्पन्न सडकका दाँयाबाँया वातावरण अनुकूल विरुवाको वृक्षारोपण क्रमशः गर्दै जाने नीति लिइने छ ।

- बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपबाट हुने भू-क्षयीकरणलाई रोकथाम गर्नको लागि जोखिमयुक्त स्थानहरुमा तटबन्ध निर्माण लगायतका उपायहरु अवलम्बन गरिने छ ।
- फोहोरलाई स्रोतमा नै न्यूनीकरण गर्न, पृथकीकरण गर्न, पुन:प्रयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबै वडा भित्र रहेको बजारहरुमा ढल निकासको प्रबन्ध गर्दै फोहरमैला व्यबस्थापन गर्न शहरी विकास सँगको साझेदारी गरि कार्य अगाडि बढाईनेछ ।
- धुवां रहित सुधारिएको चुल्हो प्रवर्द्धन गरी महिलाको स्वास्थ्यमा सुधारका साथै इन्धन बचतको उपाय अपनाईने छ ।
- जल उत्पन्न प्रकोपका लागि सजगता अपनाई यसबाट पर्न जाने प्रभाव नियन्त्रणका लागि साझेदार संस्था संग सहकार्य गरिने छ ।
- नगर प्रहरी भर्ना गरी नगरलाई बातावरणीय स्वच्छता कायम गर्दै यातायातको सु-व्यवस्थापन गरिने छ ।
- बातावरण बिनाश र भू-क्षय नहुने गरी सडकहरुको स्तरोन्नति गरिनेछ । बातावरण संरक्षण र हरित शहर निर्माणमा जोड दिईने छ ।
- रामेछाप नगरपालिका जलवायु परिवर्तनको असरबाट प्रत्यक्ष रुपमा प्रभावित भएको, पानीको मुहानहरु सुक्दै गई रहेको हुंदा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि साझेदारहरु संगको सहकार्यका लागि जोड दिईनेछ। यस्तो समस्या समाधानकालागि प्रदेश सरकार र संघीय सरकारमा समेत बिशेष अनुरोध गरिनेछ ।
- लोपोन्मुख बन्यजन्तु सालकको संरक्षण गर्न साझेदार निकायहरुसँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।
- वातावरण सँग सरोकार राख्ने संघ संस्था सँग समन्वय गरि बातावरणको संरक्षणका कार्यहरु गरिनेछ ।
- भैपरि आउने विपद् व्यवस्थापनका लागि साझेदारीतामा तालिमका कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपद् जोखिम न्यूनिकरणकालागि अवाश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।

**संस्थागत विकास तथा सेवा प्रवाहः**

- यस नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुबाट प्रवाह हुने सेवा छिटो, छरितो र प्रभावकारी बनाउन विद्युतीय सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।
- रामेछाप नगरपालिकाका पदाधिकारीहरुका लागि स्थानीय तह सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- उपभोक्ता समितिका पदाधिकारीहरुका लागि आयोजना निर्माण प्रक्रिया सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकाका कर्मचारीहरुका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन, व्यवस्थित सहरीकरण, पर्यटन प्रवर्द्धन, सेवा प्रवाह आदि क्षेत्रमा नमूना तथा उल्लेखनीय कार्य गर्ने नगरपालिकाहरुमा अध्ययन तथा अवलोकन भ्रमण गरी प्राप्त असल अभ्यास लाई अनुकरण गरिनेछ ।
- कार्यालयमामा विद्युतिय हाजिरीको व्यवस्था गरिनेछ ।
- नगर कार्यपालिकाको कार्यालयमा र वडा कार्यालयहरुमा सि. सि. क्यामेरा जडान गरिनेछ ।
- सरकारी सेवा सुविधा प्रदान गरिने निकायमा दक्षता, जवाफदेहिता, पारदर्शिता, प्रभावकारीता र भ्रष्टाचार मुक्त शासन सुनिश्चीत गर्नु नगरपालिकाको आधारभुत नीति हुनेछ ।
- नगर तथा वडामा आवश्यक कर्मचारी पूर्ति गरिनेछ र कर्मचारीहरुको कार्य बिवरण तोकिने छ । जिम्मेवारी बहन गर्ने कर्मचारीलाई नगरपालिकाको क्षमता हेरी थप सुविधा दिईने छ ।
- पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि तालिमको संचालन गरिनेछ ।
- विषयगत क्षेत्रमा काम गर्ने कर्मचारी लगायत अन्य समूहहरुलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।
- सामाजिक सुरक्षा वितरण प्रणाली र व्यक्तिगत घटना दर्ता पद्धतिलाई प्रभावकारी र सूचनामैत्री बनाईनेछ ।
- बजार अनुगमनलाई तीव्रता दिईनेछ ।

- आवश्यक विभिन्न कानूनहरु (ऐन, नियम र कार्यबिधि) निर्माण गरिनेछ ।
- टोल सुधार समिति गठन कार्यविधि अनुसार सबै वडामा टोल सुधार समिति गठन गरी विकास निर्माणका सम्पुर्ण पक्षमा सहभागिता गर्ने गराउने तथा स्वास्थ्य, शिक्षा र बातावरणीय चेतना अभिबृद्धि गरिनुका साथै वित्तीय व्यवस्थापन र सुशासन कायम गरिने छ ।
- अति विपन्न, अशक्त, अपाङ्ग, एकल महिलाका लागि नक्सा पास, विद्युत, खानेपानी जस्ता दस्तुर र व्यवसाय करमा आर्थिक विधयेकमा व्यवस्था भए अनुसार कर छुट सहुलियत दिने नीति लिइनेछ ।
- बजार क्षेत्र र ग्रामीण क्षेत्रमा राजस्व परिचालन न्यायोचित रुपमा गरिनेछ ।
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षणको माध्यमबाट जनता प्रतिको जवाफदेहिता प्रबर्द्धन गरिनेछ ।
- बेरुजु फछ्र्यौटका लागि कानुनी प्रक्रिया अगाडी बढाइनेछ ।
- बेरुजु रहने अवस्थाको अन्त्य गर्नको लागि पेश्की शुन्य नीति अवलम्बलन गरिने छ ।
- कुनै पनि बस्तीमा नगरपालिकाको विकास योजना कार्यान्वयनको लागि सम्झौता गर्नु अघि उक्त बस्तीका सबै नागरिकहरुको नाममा बेरुजु नरहेको सुनिश्चित गरी सो रकम फछ्र्यौट नभए सम्म नया योजना स्वीकृत गरिनेछैन ।
- नगरपालिकाको सार्वजनिक जग्गा जमिनको लगत संकलन गर्ने र सार्वजनिक जग्गा जमिन अतिक्रमण गरि घर टहरा निर्माण गर्न निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।
- कार्यालयवाट उत्पादन र प्रशारण गर्नुपर्ने सूचना राष्ट्रिय पत्रिका तथा स्थानिय एफ.एम. र पत्रिका मार्फत जनतामा सूचना प्रशारण गर्ने प्रबन्ध मिलाइनेछ ।
- कार्यालय तथा वडा स्तरसम्मको विकास प्रगति सुद्रीढिकरणको लागि विद्युतिय माध्यामवाट कन्फरेन्स गर्ने प्रविधिको व्यवस्था मिलाइनेछ ।
- वडा तथा टोलस्तरमा गठन हुने टोलसुधार समितिलाई विकास नीति तथा समसामयीक कानूनि शिक्षा उपलब्ध गराइनेछ ।
- विकासमा विवादमुक्त वडा वनाउन स्थानिय समुहलाई सकरात्मक सोच र सकरात्मक विभेदका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।
- सुशासनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासहरुलाई आत्मसात गरि आबश्यक कानूनहरु वनाइनेछ ।
- जनतामा कानुनको पहुँच विस्तार गर्नका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासहरुको अवलम्बन गरिनेछ ।
- सार्वजनिक खरिदलाई प्रतिष्पर्धात्मक बनाउन ई टेन्डर विधिलाई उच्च प्राथमिकता दिईनेछ ।
- सम्बन्धित क्षेत्रका समुह, संस्थाहरुलाई वित्तिय साक्षरताका कार्यक्रमहरु संचालन गरिनेछ ।
- योजना अनुगमनको क्रममा आवश्यकता बमोजिम विशेषज्ञ सहितको अनुगमन प्रक्रिया समेत अपनाईनेछ ।

आदरणीय महानुभावहरु,
अव म आर्थिक वर्ष २०७६/७७ का लागि प्रस्तावित बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

| क्र.सं. | आय शिर्षक | प्रस्तावित |
|---|---|---|
| १ | आन्तरीक आय | १०,०००,००० |
| २ | संघिय सरकार राजस्व बाडफाडबाट प्राप्त | ९१,०००,००० |
| ३ | संघिय सरकार वित्तिय समानिकरण | १५३,५००,००० |
| ४ | प्रदेश सरकार सवारी कर बाडफाडबाट प्राप्त | २२,५००,००० |
| ५ | प्रदेश सरकार वित्तिय समानिकरण | १०,१७३,००० |
| ६ | संघिय सरकार सशर्त अनुदान | १९०,५००,००० |
| ७ | सामाजिक सुरक्षा भत्ता | १४०,०००,००० |
| ८ | सडक बोर्ड अनुदान | ५,०००,००० |

| | | |
|---|---|---|
| ९ | चालु आ.व. २०७५ ७६ बाट अ.ल्या. भई आउने रकम | २०,०००,००० |
| | जम्मा | ६४२,६७३,००० |
| **क्र.सं.** | **व्यय शिर्षक** | **प्रस्तावित** |
| १ | चालु खर्च | ८९,५४०,००० |
| २ | पुँजिगत खर्च (नगरपालिका भवन, फर्निचर तथा फिक्सचर्स, सवारी साधन तथा मेशिनरी औजार  र सफ्टवेयर) | २५,०००,००० |
| ३ | वडा कार्यालय भवन निर्माण तथा मर्मत | १५,०००,००० |
| ४ | समपुरक कोष | १०,०००,००० |
| ५ | विशेष कोष | ५,०००,००० |
| ६ | कृषि तथा पशु (प्राकृतिक मुहान संरक्षण, आवधिक योजना अनुसार पकेट क्षेत्र विकास कार्यक्रम, खुर्पानेको संभाव्यता अध्ययन, मलविउ ढुवानी तथा अनुदान, एक घर एक पशु विमा कार्यक्रम, पशु घुम्ती शिविर | ३०,०००,००० |
| ७ | पर्यटन प्रवर्धन मठ मन्दिर निर्माण तथा व्यवस्थापन | १०,०००,००० |
| ८ | सहकारी प्रवर्धन (सहकारी संस्था नियमन, एकिकरण तथा विघठन, सहकारी पुर्व शिक्षा तालिम, सहकारी तथा लेखा व्यवस्थापन तालिम, सहकारी अनुदान तथा प्रवर्धन) | १,०००,००० |
| ९ | शिक्षा (विद्यालयमा फर्निचर, शैक्षिक सामाग्री व्यवस्थापन) | ६,०००,००० |
| १० | स्वास्थ्य (विशेषज्ञ डाक्टर सहितको नियमित घुम्ती शिविर, स्वास्थ्य संस्थाहरुमा आवश्यक सामाग्रीको व्यवस्थापन लगायत) | १०,०००,००० |
| ११ | खानेपानी (पानीका मुहान संरक्षण, वर्षातको पानी संकलन अभियान, पोखरीहरु निर्माण तथा संरक्षण तथा लिफ्ट खानेपानी व्यवस्थापन) | ३०,०००,००० |
| १२ | भाषा संस्कृति संग्राहलय (जात जातिय संग्राहलयको स्थापना, भाषा तथा संस्कृतिको संरक्षणका कार्यक्रम) | १,०००,००० |
| १३ | लक्षित कार्यक्रम (खेलकुद, महिला, बालबालिका, जेष्ठनागरीक, दलित, अपांग तथा जनजाती) | १५,०००,००० |
| १४ | सेफहाउस निर्माण (नगर स्तरीय भवन निर्माण) | ३,०००,००० |
| १५ | पुर्वाधार विकास (सडक स्तरोन्नती, नगर स्तरीय कभर्ड हल, एक वडा एक खेल मैदान लगायत पुर्वाधार निर्माण) | ४४,०००,००० |
| १६ | सिंचाई (मुहान संरक्षण, संभावित स्थानमा लिफ्ट सिंचाई) | ५,०००,००० |
| १७ | बातावरण संरक्षण तथा हरित शहर निर्माण जलबायू परिवर्तन ( पुर्वाधार निर्माण सम्पन्न भएका सडकहरुमा बृक्षारोपण, सामुदायिक बनहरुमा नर्सरी व्यवस्थापन, एक टोल एक पोखरी निर्माणको अभियान) | ५,०००,००० |

| | | |
|---|---|---|
| १८ | संस्थागत विकास, सेवा प्रवाह, वित्तिय व्यवस्थापन र सुशासन ( सार्वजनिक सुनुवाई, राजस्व सम्बन्धि अभिमुखीकरण कार्यक्रम सेवा प्रवाह गुणस्तर सुनिश्चितता लगायतका कार्यहरु) | १,१३३,००० |
| १९ | न्यायिक समिति | १,५००,००० |
| | **जम्मा** | **३०७,१७३,०००** |
| २० | सशर्त अनुदान | - |
| | उर्जा | १,३४५,००० |
| | कृषि | १,०००,००० |
| | पशु स्वास्थ्य | ६४५,००० |
| | खेलकुद | १००,००० |
| | शिक्षा | १५०,९२०,००० |
| | झोलुङ्गेपुल | २,०००,००० |
| | स्वास्थ्य | ३३,९९७,००० |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४९३,००० |
| २१ | सडक बोर्ड अनुदान | ५०००००० |
| २२ | सामाजिक सुरक्षा भत्ता | १४०,०००,००० |
| | कुल जम्मा | ६४२,६७३,००० |

आगामी आर्थिक वर्ष २०७६/०७७ को राजस्वको प्रस्तावित दर निम्न बमोजिम रहेको छ ।
(संलग्न आर्थिक विधेयक २०७६)

**रामेछाप नगरपालिकाको आ.व.२०७६/७७ को लागि राजश्वको प्रस्तावित दर रेट यस प्रकार रहेको छ ।**

**अनुसूची १**

(विधेयकको दफा २ को उपदफा (२) संग सम्बन्धित)

## सम्पत्ति करको दर

**क) सम्पत्ति करको दररेट**

| **क.सं.** | **विवरण** | **आ.ब २०७६/०७७ को दर (अंकमा)** | **आ.ब २०७६/०७७ को दर (अक्षरमा)** |
|---|---|---|---|
| १. | रु. १ देखि रु. २ लाख सम्म | ५०।०० | पचास रुपैयाँ |
| २. | रु. २ लाख १ देखि रु. ५ लाख सम्म | २००।०० | दुई सय रुपैयाँ |
| ३. | रु. ५ लाख १ देखि रु. १० लाख सम्म | ३००।०० | तीन सय रुपैयाँ |
| ४. | रु. १० लाख १ देखि रु.१५ लाख सम्म | ४००।०० | चार सय रुपैयाँ |
| ५. | रु. १५ लाख १ देखि रु २० लाख सम्म | ५००।०० | पाँच सय रुपैयाँ |
| ६. | रु. २० लाख १ देखि रु. २५ लाख सम्म | ७५०।०० | सात सय पचास रुपैयाँ |
| ७. | रु. २५ लाख १ देखि रु. ३० लाख सम्म | ११००।०० | एक हजार एक सय रुपैयाँ |
| ८. | रु. ३० लाख १ देखि रु. ३५ लाख सम्म | १५००।०० | एक हजार पाँच सय रुपैयाँ |
| ९. | रु. ३५ लाख १ देखि रु. ४० लाख सम्म | २०००।०० | दुई हजार रुपैयाँ |
| १०. | रु.४० लाख १ देखि रु ४५ लाख सम्म | २५००।०० | दुई हजार पाँच सय रुपैयाँ |

| | | | |
|---|---|---|---|
| ११. | रु. ४५ लाख १ देखि रु ५० लाख सम्म | ३२००।०० | तीन हजार दुई सय रुपैयाँ |
| १२. | रु. ५० लाख १ देखि रु. ६० लाख सम्म | ४३००।०० | चार हजार तीन सय रुपैयाँ |
| १३. | रु. ६० लाख १ देखि रु. ७० लाख सम्म | ५५००।०० | पाँच हजार पाँच रुपैयाँ |
| १४. | रु. ७० लाख १ देखि रु. ८० लाख सम्म | ७०००।०० | सात हजार रुपैयाँ |
| १५. | रु. ८० लाख १ देखि रु. ९० लाख सम्म | ८५००।०० | आठ हजार पाँच सय रुपैयाँ |
| १६. | रु. ९० लाख १ देखि रु. १ करोड सम्म | १०,२००।०० | दश हजार दुई सय रुपैयाँ |
| १७. | रु १ करोड १ देखि रु. १ करोड २० लाख सम्म | १३,०००।०० | तेह्र हजार रुपैयाँ |
| १८. | रु. १ करोड २० लाख १ देखि रु. १ करोड ४० लाख सम्म | १४,५००।०० | चौध हजार पाँच सय रुपैयाँ |
| १९. | रु.१ करोड ४० लाख १ देखि रु. १ करोड ६० लाख सम्म | १६,५००।०० | सोह्र हजार पाँच सय रुपैयाँ |
| २०. | रु. १ करोड ६० लाख १ देखि रु. १ करोड ८० लाख सम्म | १८,५००।०० | अठार हजार पाँच सय रुपैयाँ |
| २१. | रु. १ करोड ८० लाख १ देखि रु.२ करोड सम्म | २०,५००।०० | विस हजार पाँच सय रुपैयाँ |
| २२. | रु. २ करोड १ देखि रु. २ करोड ५० लाख सम्म | २५,५००।०० | पच्चीस हजार पाँच सय रुपैयाँ |
| २३. | रु. २ करोड ५० लाख १ देखी रु ३ करोड सम्म | ३३,०००।०० | तत्तीस हजार रुपैयाँ |
| २४. | रु. ३ करोड १ देखि रु. ३ करोड ५० लाख सम्म | ४०,०००।०० | चालिस हजार रुपैयाँ |
| २५. | रु. ३ करोड ५० लाख १ देखि रु. ४ करोड सम्म | ४७,०००।०० | सत्चालिस हजार रुपैयाँ |
| २६. | रु. ४ करोड १ देखि रु. ४ करोड ५० लाख सम्म | ५५,०००।०० | पचपन्न हजार रुपैयाँ |
| २७. | रु. ४ करोड ५० लाख १ देखि रु. ५ करोड सम्म | ६२,०००।०० | वैसठी हजार रुपैयाँ |
| २८. | रु. ५ करोड १ देखि माथिको मुल्याङकन सम्म प्रति हजारका रु २ थप | | |

नोट : मुल्यांकन रकमलाई रु. लाखमा (round figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ।

ख) जग्गाको मुल्याङ्कन गर्दा हाललाई मालपोत कार्यालयले जग्गा रजिष्ट्रेशन पारित गर्ने प्रयोजनको लागि निर्धारण गरेको न्युनतम मुल्याङ्कनलाई नै सम्पति कर प्रयोजनको लागि समेत न्यूनतम मुल्याङ्कन कायम गरि जग्गाको मुल्याङ्कन गर्ने।

## अनुसूची - १३

(विधेयकको दफा २ को उपदफा (४) सँग सम्बन्धित)

### म्यादभित्र विवरण दाखिला नभएमा लिइने थप शुल्कको दर

| **सम्पत्तिको मूल्यांकन रकम** | **चालू आ.व.भित्रै म्याद नाघेमा** | **एक आ.व. म्याद नाघेमा** | **म्याद नाघेको एक आ.व.पछि तेस्रो आ.व.सम्म** | **म्याद नाघेको तेस्रो आ.व.पछि पाँचौं आ.व.सम्म** |
|---|---|---|---|---|
| जतिसुकै भए पनि (कर तिर्नु पर्ने रकमको) | १२ प्रतिशत | १५ प्रतिशत | १७ प्रतिशत | २० प्रतिशत |

**द्रष्टव्य : यस्तो जरिवाना प्रत्येक बर्षको लागि थप जोडिदै जाने छ।**

## अनुसूची २

(विधेयकको दफा ३ को उपदफा (१) संग सम्बन्धित)

### भूमिकर (मालपोत) को दर

भूमि तथा मालपोत कर (रुपैया प्रति रोपनी) तपशिल अनुसार दर रेटमा लगाईने र असुल उपर गरिने छ।

**तपसिल**

| सि.नं. | | विवरण | दर |
|---|---|---|---|
| **१** | | **शहरी क्षेत्र** | |
| वडा नं.८ | क | वडा नं.८ को बिटार पक्की पुल देखि भंगेरी धारापानी सम्म सडकले छोएको (दांया बांया) | ४०।- |
| | ख | वडा नं.८ भंगेरी धारापानी देखी रामेछाप माथिल्लो बजार पशुपती मन्दिर र माथिल्लो बजारबाट रामेछाप अस्पताल सम्म सडकले छोएको (दांया बांया) | ५०।- |
| | ग | अन्य क्षेत्रमा मोटर बाटोले छोएको | २५।- |
| | घ | बाँकी अन्य क्षेत्र | १०।- |
| वडा नं.३ | क | साँघुटार बजार हिमगंगा मा.वि.देखि पक्की पुल हुदै बजार क्षेत्र र सामुदायिक भवन (हाल साँघुटारको वडा कार्यालय) सम्म मोटर बाटोले छोएको | ४०।- |
| **२** | | **ग्रामीण क्षेत्र** | |
| | क | मोटर बाटोले छोएको | १५।- |
| | ख | बाँकी अन्य क्षेत्र | १०।- |

साथै बक्यौता रकम रहेमा पहिलो वर्ष ५ प्रतिशतले र सो भन्दा माथि १० प्रतिशतले जरिवाना लिई भूमि तथा मालपोत संकलन गरिनेछ ।

## अनुसूची ३

(विधेयकको दफा ४ को उपदफा (२) संग सम्बन्धित)

## घर जग्गा बहाल करको दर

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा व्यवसायिक प्रयोजनका लागि १० ( दश) र घरायासी प्रयोजनका लागि ५(पांच) प्रतिशतका दरले बहाल कर लिइने छ ।

## अनुसूची ४

(विधेयकको दफा ५ को उपदफा (३) संग सम्बन्धित)

## ब्यबसाय इजाजत संचालन (दर्ता नबिकरण) दस्तुरको दर

| क्रम संख्या | व्यबसायको किसिम | संचालन अनुमति | वार्षिक शुल्क |
|---|---|---|---|
| १ | **नाफामुलक संस्थाहरु** | | |
| | (क) बाणिज्य बैंकहरु | ५,०००।- | २,०००।- |
| | (ख) लघुवित्त संस्थाहरु | ३,०००।- | १,५००।- |
| | (ग) बचत तथा ऋण सहकारी संस्थाहरु १ करोड भन्दा माथिको कारोवार लेखापरिक्षण प्रतिवेदन अनुसार | २,०००।- | १,०००।- |
| | (घ) बचत तथा ऋण सहकारी संस्थाहरु १ करोड भन्दा कम कारोवार लेखापरिक्षण प्रतिवेदन अनुसार | १,५००।- | १,०००।- |
| | (ङ) अन्य सहकारी संस्थाहरु | १,०००।- | ७,००।- |
| | (च) रेमिट्यान्स् (मनिट्रान्सफर) | २,०००।- | १,०००।- |
| | (छ) टेलिफोन / ईन्टरनेट टावर | ० | ५,०००।- |
| २ | **परामर्श सेवा** | | |
| | ईन्जिनियरिङ्ग | ५,०००।- | |
| | शैक्षिक | २,०००।- | |
| | अन्य परामर्श | १,०००।- | |
| ३ | निर्माण व्यवसायी | | |
| | घ श्रेणी दर्ता | ७,०००।- | |

| | | | |
|---|---|---|---|
| | रामेछाप नगरपालिका भन्दा बाहिरका कुनै फर्मले नगर क्षेत्र भित्र निमार्ण वा परामर्श जस्ता सेवा प्रदान गर्दा बातावरणीय शुल्क बापत काम शुरु गर्नु अगावै पटके स्वीकृतिका लागि दस्तुर | १०,०००।- | |
| ४ | घ श्रेणी नवीकरण | ३,०००।- | |
| ५ | निजि विद्यालयलाई व्यवसाय ईजाजत पत्र | १,०००।- | ५००।- |
| ६ | गैर सरकारी संघ संस्थाहरु | | १,०००।- |
| | गैससको कार्यक्रम स्वीकृत दस्तुर २०,००,००० सम्म | २,०००।- | |
| | गैससको कार्यक्रम स्वीकृत दस्तुर ५०,००,००० सम्म | ५,०००।- | |
| | गैससको कार्यक्रम स्वीकृत दस्तुर १,००,००,००० सम्म | १०,०००।- | |
| | गैससको कार्यक्रम स्वीकृत दस्तुर १,००,००,००० भन्दा माथि | २०,००० | |

**वार्षिक शुल्क तिर्नु पर्ने करदाताले प्रत्येक आर्थिक बर्षको माघ  मसान्त भित्र नविकरण गर्नु पर्ने र तोकिएको समयमा व्यवसाय ईजाजत संचालन अनुमति तथा वार्षिक शुल्क नविकरण नगरेमा प्रति महिना रु.१००। का दरले जरिवाना असुल गरिनेछ ।**

**अनुसूची ५**

(विधेयकको दफा ५ को उपदफा (५) संग सम्बन्धित)

**ब्यबसाय ईजाजत पत्रको कर दर** (वार्षिक कर)

| **क.सं.** | **व्यबसायको किसिम** | **व्यबसाय कर रकम रु** |
|---|---|---|
| १ | सबै प्रकारको व्यवसाय ईजाजत पत्र दर्ता शुल्क | रु.५००।- |
| २ | वार्षिक शुल्क | पूँजिको ०.१ प्रतिशत |

आर्थिक बर्ष २०७६/७७ को लागि व्यवसाय नबीकरण ०७६ असोज मसान्त भित्र गर्नु पर्ने । तोकिएको समय भित्र नबिकरण नगरेमा प्रति महिना रु.५०। का दरले जरिवाना लगाउने । साथै असोज मसान्त भित्र सम्म पनि दर्ता हुन नआएका व्यवसायहरुकालागि आर्थिक वर्ष २०७५/७६ को विलम्ब शुल्क बापत रु.६००।- लिई नियमानुसारको शुल्क लिई व्यवसाय ईजाजत पत्र प्रदान गरिनेछ ।

**अनुसूची ६**

(विधेयकको दफा ६ को उपदफा (१) संग सम्बन्धित)

**जडिबुटी, कवाडी, जीवजन्तु करको दर (रकम रु.)**

| **क. सं** | **करको किसिम** | **करको दर** |
|---|---|---|
| **क)** | **ऊन, खोटो, फल, विज जाती, जडिबुटी, वनकस** | |
| १. | ऊन (प्राकृतिक, कृत्रिम, जगर) प्रति के. जी. | १।- |
| २. | खोटो प्रति के.जी. | २।- |
| ३. | जटिबुटीहरु (..................................................) प्रति के. जी. | ३।- |
| ४. | बनकस (खर), बाबियो, मलहन पत्ता, छ्वाली, पराल, वगास, निगालो, लोकता, पटेर,अम्लिसो (कुच्चो) प्रति के.जी. | ०।५० |
| ५. | बोधिचित्त (बुद्धमाला) प्रति के.जि. | ५,०००।- |
| ६. | रुद्राक्ष प्रति के.जि. | ५०।- |
| **ख)** | **कवाडी मालसामान .** | |
| १. | खाली सीसी (वियर) वोतलको साइज हेरी प्रति गोटा | ०।१० |
| २. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि प्रति गोटा | ०।१० |
| ३. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल प्रभित गोटा | ०।१० |

| | | |
|---|---|---|
| ४. | प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन आदि) प्रति के.जी | ०।०५ |
| ५. | खाली बोरा :<br>५० के.जी सम्म खाद्यँन्न अँट्ने प्लाष्टिकका बोरा प्रति गोटा<br>५० के.जी. सम्म खाद्यान्न अँट्ने जुटका बोरा प्रति गोटा<br>१०० के.जी. सम्म खाद्यान्नअँट्ने जुटका बोरा प्रति गोटा | <br>०।१०<br>०।१०<br>१।- |
| ६. | तेलको टिन :<br>१० लिटरभन्दा बढी अँट्ने ठूलो प्रति गोटा<br>१० लिटरभन्दा कम अँट्ने सानो प्रति गोटा | <br>१।-<br>०।५ |
| ७. | पुनः प्रशोधन (रिसाइकलिङ्ग) गरी पुनः प्रयोग हुन सक्ने<br>झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) प्रति के.जी<br>गार्मेण्टको कपडाको टुक्रा प्रति के.जी.<br>जलेको मोविल प्रति लिटर<br>जुट र प्लाष्टिकका बोरा प्रति के.जी.<br>कार्पेटका टुक्रा प्रति के.जी.<br>टायरट्यूब प्रति के.जी.<br>थोत्रो टिन प्रति के.जी.<br>पुरानो ड्रम प्रति के.जी.<br>पुराना कागज (अखबार, न्यूजप्रिन्ट) प्रति के.जी.<br>पुराना अन्य कागज (कार्टुन समेत) प्रति के.जी.<br>धातुका टुक्राहरू र पत्रु भइ काम नलाग्ने भएका धातु सामानहरू<br>(क) फलाम प्रति के.जी.<br>(ख) अन्य धातु (पित्तल, तामा आदि) प्रति के.जी.<br>(ग) थोत्रिएर काम नलाग्ने मेशिनरी औजार प्रति के.जी.<br>(घ) पोलिथिन पाइपका टुक्राहरू प्रति के.जी.<br>(ङ) सिसा (लिड) को धुलो वा टुक्रा प्रति के.जी.<br>(च) काँचको धुलो र टुक्रा प्रति के.जी. | <br>०।१०<br>०।०<br>०।१०<br>०।१०<br>०।१०<br>०।१०<br>०।१०<br>०।१०<br>१।-<br>०।१०<br>०।१०<br><br>०।२०<br>१।-<br>०।५०<br>०।१०<br>०।०५<br>०।०५ |
| **ग)** | **प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला**<br>हाँस, कुखुरा जस्ता पंछीहरूको प्वाँख प्रति के.जी.<br>हाड प्रति के.जी.<br>सिंग प्रति के.जी.<br>खूर प्रति के.जी.<br>छाला (ठूलो) प्रति गोटा<br>छाला (सानो) प्रति गोटा | <br><br>१।-<br>०।५०<br>१।-<br>१।-<br>१५।-<br>१०।- |

**अनुसूची ७**

(विधेयकको दफा ८ को उपदफा (१) संग सम्बन्धित)

## विज्ञापन करको दर

| विज्ञापन सामग्रीको किसिम | करको दर (रकम रु) |
|---|---|
| नगरक्षेत्र भित्र राखिने होर्डिङ वोर्ड तथा व्यानरको | प्रति स्क्वायर फिट रु. ६०।- |

**अनुसूची ८**

(विधेयकको दफा ८ को उपदफा (१) संग सम्बन्धित)

## मनोरञ्जन करको दर (रकम रु.)

| क.स. | मनोरञ्जन व्यबसायको किसिम | वार्षिक करको दर |
|---|---|---|
| १. | सिनेमा हल, सांस्कृतिक प्रदर्शन हल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, | प्रबेश शुल्को पाँच प्रतिशत |
| २. | जादू, सर्कस, चटक | दैनिक एक सय |

**अनुसूची ९**
(विधेयकको दफा ९ को उपदफा (१) संग सम्बन्धित)

## बहाल बिटौरी शुल्कको दर (रकम रु.)

| क.सं. | सम्पत्तिको किसिम | शुल्कको दर |
|---|---|---|
| | आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका<br>क) भवन प्रति कोठा/सटर<br>ख) जग्गा प्रति कठ्ठा/रोपनी<br>ग) अन्य सम्पत्ति | |
| | आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका<br>क) अस्थाई टहरा प्रति गोटा<br>ख) छाप्रा प्रति गोटा<br>ग) पसल प्रति गोटा<br>घ) आवास प्रति बर्गफीट | |
| | सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल वर्गीकरण अनुसार प्रति पसल | |
| | अन्य | |

रामेछाप नगरपालिका वडा नं.३ सांघुटार बजार र वडा नं. ८ रामेछाप बजार स्थित हाट बजारमा साप्ताहिक रुपमा लाग्दै आएको **बैठकी शुल्क** आ.व.२०७५/०७६ को लागि देहाय अनुसार कायम गरिएको छ।

| क.स. | विवरण | दररेट |
|---|---|---|
| १. | स्टलमा वस्ने प्रति व्यापारी | ७५।- |
| २. | भाँडा कुडाँ प्रति व्यापारी | ७५।- |
| ३. | किराना पसल प्रति व्यापारी | ३०।- |
| ४. | विषादी विउ विजन पसल प्रति व्यापारी | ३०।- |
| ५. | कपडा पसल प्रति व्यापारी | ४०।- |
| ६. | काट्ने बंगुर प्रति गोटा | १००।- |
| ७. | काट्ने राँगा प्रति गोटा | १५०।- |
| ८. | चपल जुत्ता पसल प्रति व्यापारी | ३५।- |
| ९. | फलफुल तरकारी गेडागुडी प्रति भारी | १५।- |
| १०. | खाद्यान्न सामाग्री प्रति भारी | १५।- |
| ११. | सुर्तिजन्य सामग्री प्रति भारी | ५०।- |
| १२. | घरायसी सामाग्री प्रति भारी (नाङ्गला,हसियाँ लगायतका सामाग्री) | १५।- |
| १३. | टर्च,छाता,जुत्ता मर्मत प्रति व्यापारी | ४०।- |
| १४. | पकाएको परिकार वेच्ने प्रति व्यापारी | १५।- |
| १५. | वगुर प्रति गोटा | २५।- |
| १६. | खसि वाखा प्रति गोटा | ४०।- |
| १७. | कुखुरा प्रतिभारी (५ भन्दा वढी) | ४०।- |
| १८. | कुखुरा प्रति गोटा | ५।- |

माथि उल्लेखित हाटकर दररेट विवरण उल्लेख नभएको अन्य सामानहरुको हकमा सामान हेरी न्यूनतम रु १५।- र अधिकतम रु. ३५।- सम्म लिन सकिने छ ।

**अनुसूची १०**

(विधेयकको दफा १० को उपदफा (१) संग सम्बन्धित)

## सवारी कर, वार्षिक सवारी कर तथा सवारी दर्ता शूल्क

| क्र.सं. | विवरण | पार्किङ शूल्क | इजाजत पत्र शूल्क |
|---|---|---|---|
| १. | बस, ट्रक, लरी, हेभी गाडीमा | ५०।- | ० |
| २. | भाडका कार, जिप | ३०।- | ० |
| ३. | निजि मिनि बस | ३०।- | ० |
| ४. | जोत्ने ठूलो ट्र्याक्टर | ३०।- | ० |
| ५. | निजी मोटरसाईकल | १०।- | ० |
| ६. | ठेला/ रिक्सा सामान वोक्ने | ० | १,०००।- |
| ७. | पावर टेलर | १०।- | ० |
| ८. | अटो रिक्सा, म्याजिक भ्यान | २०।- | १,०००।- |
| ९. | ऱ्याफ्टीङ्ग इजाजत | ० | ५,०००।- |
| १० | बन्दुक नविकरण दस्तुर | १,०००।- | ० |

**अनुसूची ११**

(विधेयकको दफा ११ को उपदफा (४) संग सम्बन्धित)

## सेवा शूल्क, दस्तुरको दर

१. जग्गा रेखाकंनका लागि रामेछाप नगरपालिका क्षेत्र भित्र रहेका वडाहरुको लागि प्रति कित्ता प्रति पटक रु.२,१००। (दुई हजार एक सय) लिने ।

२. फोहर मैला व्यवस्थापनका लागि सेनिटरी ल्याण्ड फिल्ड साईट भएको वरपरका क्षेत्र बाट प्रत्येक हप्ताको मंगलबार र शुक्रबार नगरपालिकाको गाडीबाट फोहोर मैला उठाई लैजाने र सो वापत प्रत्येक घरधुरी संग मासिक रु. १००। र कार्ड बापत रु. ५०। लिने

३. चल अचल सम्पत्ति मूल्याङ्कन गर्दा निवेदन बापत रु.१०। र कुल जम्मा प्रतिलाख रु.२००। लिने ।

४. समूहलाई दर्ता शुल्क रु.१००। र नविकरण शुल्क रु.५०।

५. नाता प्रमाणित दस्तुर निवेदन रु. १०।- समेत कुल जम्मा रु.२१०।-

६. पञ्जिकरण सम्वन्धी जस्तै जन्म, मृत्यू, विवाह, बसाई सराई, सम्वन्ध विच्छेद घटना घटेको ३५ दिन पछि दर्ता हुन आएमा निवेदन रु. १०।- समेत कुल जम्मा रु.११०।-

७. नागरिकता सिफारीस दस्तुर निवेदन रु. १०।- समेत कुल जम्मा रु.११०।-

८. पंञ्जिकरण र नागरिकता प्रमाण पत्र लिन गरिएको प्रतिलिपी सिफारीसमा रु.२१०।-

९. जग्गा नामसारी सिफारीसमा निवेदन रु. १०।- समेत कुल जम्मा रु. २१०।-

१०. चारकिल्ला प्रमाणित सिफारीसमा निवेदन रु.१०।- समेत कुल जम्मा रु.२१०।-

११. घर वाटो सिफारीस दस्तुर निवेदन रु.१०।- समेत कुल जम्मा रु.३१०।-

१२. नक्सापास पुस्तीका रु.५००।-

१३. निर्माण सम्पन्न प्रमाण पत्र निवेदन रु.१०।- समेत कुल जम्मा रु.२१०।-

१४. चल अचल सम्पत्ति मूल्याङ्कन निवेदन रु.१०।- समेत कुल जम्मा प्रति लाख रु.२००।-

१५. सर्जमिन मुचुल्का (फिल्डमा जानु पर्दाको वखत निवेदन रु.१०।- समेत कुल जम्मा रु.२१०।-)

१६. अन्य सिफारीसमा निवेदन रु.१०।- समेत कुल जम्मा रु.१६०।-

१७. नक्सा पास RCC प्रति ईस्क्वायर फिट रु.८।- ढुङ्गामाटोको रु.२।- र ट्रसको रु.१।- दस्तुर लिने ।

१८. निवेदन दस्तुर रु.१०।-

**अनुसूची १२**

(विधेयकको दफा १२ को उपदफा (३) संग सम्बन्धित)

## विक्री शुल्क दर

## काठ

| क.स. | विवरण | इकाई | रकम रु. | |
|---|---|---|---|---|
| | | | चिरान | गोलिया |
| १. | सल्ला | प्रति क्यु फिट | ५/- | ४/- |
| २. | साज | प्रति क्यु फिट | ९/- | ८/- |
| ३. | उत्तिस | प्रति क्यु फिट | ४/- | ३/- |
| ५. | खयर | प्रति क्यु फिट | ८/- | ८/- |
| ६. | साल | प्रति क्यु फिट | २५/- | २०/- |
| ७. | चाँप | प्रति क्यु फिट | १५/- | १०/- |
| ८. | अन्य जाति तथा कु-काठहरु प्रति ट्रक रु.२००/- | | | |

**सामुदायिक बन उपभोक्ता समितिले बन पैदावार विक्री तथा उपयोग गर्दा विक्री रकमको १० प्रतिशत नगरपालिकाको संचित कोषमा दाखिला गर्नु पर्ने छ ।**

## कृषिजन्य बस्तुहरु :

| क.सं. | विवरण | इकाई | रकम रु. |
|---|---|---|---|
| १. | फलफूल,आलु,गेडागुडी,खोर्सानी तथा तरकारी | प्रति के.जी. | -/५० |

| क. सं. | घाटगद्धी एवं बिक्री | संकलन | बिक्री |
|---|---|---|---|
| १. | प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री | | |
| | क) ढुंगा, चुनढुंगा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा | ३।- | ६।- |
| | ख) माटो | ०।५० | २।- |

नगरपालिकालाई प्राप्त हुनु पर्ने माथि उल्लेख भए बमोजिमका कर, शुल्क, दस्तुर, फि, रोयल्टी, जरिवाना आदि नतिर्नेको हकमा सम्वन्धितले नगरपालिकाबाट पाउने कुनै प्रकारको भुक्तानी रोक्का गर्न र सेवा रोक्का गर्न सक्नेछ । साथै नगरपालिकले आफूले पाउनु पर्ने राजस्व असुल कानून बमोजिम जुनसुकै प्रकारबाट गर्न सक्नेछ ।

**उपस्थित महानुभावहरु**

रामेछाप नगरपालिकाको पाँचौ नगर सभा सुसम्पन्न गर्न उपस्थित हुनु भएका सम्पुर्ण नगर सभा सदस्य महानुभावहरुलाई प्रस्तुत बजेट, नीति तथा कार्यक्रमको सन्दर्भमा आफ्नो नीतिगत सल्लाह सुझाव सहित पारित गर्नु हुनेछ भन्ने अपेक्षाका साथ बजेट, नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै मेरो भनाई यहि अन्त्य गर्दछु ।

# धन्यवाद ।